**DRISHTIKON**, 15(1), RMC, MMC, DHARAN, ISSN: 2382-5456, 2025.

# धरणी खण्डकाव्यको काव्यिक मूल्य

**सुभाषचन्द्र न्यौपाने, विद्यावारिधि**

उपप्राध्यापक
नेपाली विभाग
महेन्द्र बहुमुखी क्याम्पसं धरान, त्रि वि. , नेपाल
Email: subashneupane953@gmsil.com
https://doi.org/10.3126/dristikon.v15i1.77146

**लेखसार**

प्रस्तुत लेख खण्डकाव्यकार एकु घिमिरेको *धरणी* खण्डकाव्यको काव्यिक मूल्यको निरुपणमा केन्द्रित रहेको छ । काव्यले वहन गरेको विचारको व्यापकता र सार्वभौमिकताले काव्यको मूल्य निर्धारण हुन्छ । यो खण्डकाव्य शोककाव्य परम्परामा जीवनको यथार्थ घटनालाई आधार बनाएर लेखिएको शास्त्रीय लयमा आधारित रचना हो । यस खण्डकाव्यमा प्रस्तुत मानवीय जीवनका शाश्वत पक्ष मृत्यु र जीवनका बिचको छट्पटाहटमा केही गर्न नसकी विवश मानवीय दशा र आफ्नै कान्छो भाइ धरणी मरिरहँदा केही गर्न नसक्ने दाइहरुको विवशताको कथाले काव्यको मूल्यलाई विशिष्ट तुल्याएको छ । यही धरणी खण्डकाव्यले बोकेको सार्वभौम मूल्यमान्यता र कालजयी विचार केकसरी अभिव्यक्त भएका छन् भन्ने कुराको विश्लेषण यस लेखमा गरिएको छ । प्रस्तुत खण्डकाव्यको काव्यिक मूल्यपरक अध्ययनका क्रममा पुस्तकालयीय अध्ययनबाट सामग्री सङ्कलन गरिएको छ । काव्यको गरिमा वा प्रतिष्ठा कुन आधारमा निर्धारण हुन्छ भन्ने कुरा पूर्वीय तथा पाश्चात्य काव्यशास्त्रमा निहित विचारकै आधारमा काव्यिक मूल्यको सैद्धान्तिक पृष्ठभूमिमा केन्द्रित रहेर सङ्कलन गरिएका सामग्रीबाट प्रस्तुत लेख तयार पारिएको हो । गुणात्मक तथ्यका आधारमा व्याख्यात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरी प्रस्तुत लेखलाई पूर्णता दिइएको छ । पूर्वीय तथा पाश्चात्य काव्यिक मूल्यका आधारमा मानवीय संवेदनालाई अत्यन्त गरिराइमा पुगेर स्पर्श गर्ने तथा जीवनको शाश्वत पक्ष मृत्युलाई आफ्नै आँखा अगाडि देखेर पनि केही गर्न नसक्ने मानवीय जीवनको दुर्दान्त चित्रणले प्रस्तुत खण्डकाव्य काव्यिक मूल्यका दृष्टिले अत्यन्त उच्च काव्य हो भन्ने निष्कर्ष निकालिएको छ ।

*शब्दकुञ्जीः* कारुणिकता, मानवीय, संवेदना, हार्दिकता, हृदय संवेद्यता, सौन्दर्य

## विषयपरिचय

खण्डकाव्यकार एकु घिमिरेको *धरणी* खण्डकाव्यको काव्यिक मूल्य निरुपण गर्नु नै प्रस्तुत लेखको मूल विषय हो । घिमिरे नेपाली साहित्यमा सुदूर पूर्वबाट उदाएका कवि, गजलकार, उपन्यासकार, तथा खण्डकाव्यकारका रुपमा उदिएमान साहित्यकार हुन् । हालसम्म उनका *एउटा बाटो गाउँसम्म* २०७१, कविता सङ्ग्रह नौमतीको नौलो सरगम २०७१ गजल सङ्ग्रह, यति साथी २०७६ उपन्यास र धरणी २०७९ खण्डकाव्य जस्ता चार कृतिहरु प्रकाशित भइसकेका छन् । यी चार विधाका कृतिबाहेक उनका विधिन्न पत्रपत्रिकामा समालोचनात्मक लेख तथा फुटकर कविताहरु पनि प्रकाशित हुँदै आएका छन् । यिनै कृतिहरुमध्ये धरणी खण्डकाव्यको काव्यिक मूल्य निरुपण गर्ने काम यस लेखमा गरिएको छ । प्रस्तुत खण्डकाव्य यथार्थ जीवनमा घटित सत्यतथ्यको कलात्मक रुपमा वर्णन गरिएको रचना हो । खण्डकाव्यकार एकु घिमिरेको कान्छो भाइ मकालु हिमाल चढ्ने क्रममा शरीरमा अक्सिजनको मात्रा घट्दै गएर मृत्युवरण गर्न पुगेको घटनालाई लिएर त्यही भाइलाई नायक बनाएर यात्राका क्रममा भोगेका दुःखान्तीय अवस्थालाई खण्डकाव्यको रुपमा प्रस्तुत गरिएको छ । प्रस्तुत खण्डकाव्य प्रकाशन भएको लामो समय नभएकाले यस कृतिका बारेमा गहन विश्लेषण हुन सकेको पाइँदैन । प्रस्तुत खण्डकाव्यको भूमिकामा हरिनारायण बास्कोटाले कान्छो भएर जन्मिएको भाइ धरणी आज स्मृतिमा जेठो बनेको यस शोककाव्यमा यात्रा वर्णनका अनेक वृत्तान्तहरुलाई एउटा मालामा उनेर सजाए

झैँ सजाइएकाले यो एक दैनिकी काव्य हो किनकि यहाँ तिथि, बार, काल सबैको सन्तुलन छ भन्ने कुरा उल्लेख गरेका छन् । दीपकप्रसाद न्यौपानेले धरणी खण्डकाव्यको श्रद्धाञ्जली खण्डमा अप्ठ्यारो भीरको कठिन पथमा यो उकालोमा सँगै भएका सात भाइमध्ये आधा बाटैमा एक्लै सायुज्य निर्माण प्राप्त गरेका धरणीका यश यसै कृतिमार्फत उज्ज्वल बन्दै जानेछन् भन्ने कुरा उल्लेख गरेका छन् । सागरमणि सुवेदीले दाजुका साथमा गएका धरणी तिमी किन आएनौ तिमी यात्री थियौ यात्रामा नै बिलाएर गयौ । प्रत्येक प्रियजनको हृदयमा तिमी छौ भन्ने विचार प्रस्तुत गरेका छन् । प्रस्तुत कृति प्रकाशनका सन्दर्भमा आएका यी माथिका विचारहरुबाहेक यस कृतिका बारेमा ठोस अध्ययन हुन सकेको छैन । अतः प्रस्तुत खण्डकाव्य एउटा यथार्थ घटनामा आधारित भएर पनि काव्यिक मूल्यका दृष्टिले उच्च रहेकाले सोही काव्यमान्यताका आधारमा यस कृतिको विश्लेषण गरी यो लेख तयार पारिएको हो । प्रस्तुत खण्डकाव्यको विचार पक्ष काव्यात्मक सौन्दर्य कलात्मक वर्णनशैली आदिको निर्क्योल गरिने भएकाले प्रस्तुत अध्ययनको औचित्य पुष्टि हुन्छ । प्रस्तुत खण्डकाव्यलाई रसपरक, अलङ्कारपरक, प्रकृतिपरक, शोकपरक आदि दृष्टिले अध्ययन गर्न सकिने आधारहरु हुँदा हुँदै पनि यस लेखमा काव्यिक मूल्यका आधारमा मात्र विश्लेषण गर्नु यस लेखको सीमा हो । प्रस्तुत अध्ययनबाट *धरणी* खण्डकाव्यको काव्यिक मूल्य केकस्तो रहेको छ भन्ने समस्यालाई मूल प्रश्न बनाई गुणात्मक तथ्यका आधारमा लेखलाई पूर्णता दिइएको छ । खण्डकाव्यकार एकु घिमिरेको धरणी खण्डकाव्य केकस्ता काव्यिक गुणले युक्त छ र यो खण्डकाव्यले नेपाली खण्डकाव्यको इतिहासमा केकस्तो स्थान ओगट्न सफल छ भन्ने कुराको स्पष्ट निर्देश हुने हुनाले प्रस्तुत अध्ययनको उपादेयता सिद्ध हुन्छ ।

**सैद्धान्तिक अवधारणा**

साहित्यमा मूल्यको अर्थ त्यसलाई वस्तुको महत्त्व तथा सारका रुपमा लिइन्छ । मूल्य शब्दले कुनै कृतिभित्र रहेको आन्तरिक गुणलाई बुझाउने हुँदा साहित्यमा प्रयुक्त यस शब्दले साहित्यको महत्त्व त्यसभित्र रहेका आन्तरिक सौन्दर्यपरक गुणहरु भन्ने अर्थ बुझाउँछ । कुनै वस्तुको भाउ कुनै वस्तुको योग्यता उसभित्रको समाजसापेक्ष आन्तरिक गुण नै साहित्यिक मूल्य हो (सुवेदी २०५५ पृ( ६३९९ । कृतिहरुका बिचको मूल्यको न्यायिक निरुपण गर्नु नै समालोचनाको मुख्य पहिचानका साथै कार्य हो । बीसौं शताब्दीका आई ए रिचर्डले समालोचनालाई कृतिका बिचकव विभेदनका निम्ति तुलना र मूल्य निरुपणका रुपमा समेत अर्थ्याइएको पाइन्छ । कृतिको अन्तर वस्तुका साथै रुपको समग्र प्रतिफलन स्वरुप प्राप्त हुने साहित्यक कलाको स्तर गुण अवगुण शक्ति सीमामा आधारित कृतिगत मूल्यस्तरको निर्णयविना समालोचना अपूर्ण रहन जाने हुनाले कृतिको खास अन्तरवस्तु केलाउने र त्यसमा अभिव्यक्ति शाश्वत सार्वभौम पक्षको विश्लेषणबाट कृतिको मूल्य निर्धारण गर्न सकिन्छ त्रिपाठी, २०५६ ५७ पृ(७१९ । साहित्यको मूल्य जीवन अनुभवको सञ्चार हो । जसबाट हामी सन्तुलित विराम अवस्थामा पुग्दछौँ । जसको अनुभव आनन्दबाट प्राप्त गर्न सकिन्छ यसै मूल्यबाट मानसिक स्वस्थताको प्राप्ति हुन्छ । बढीभन्दा बढी महत्तवपूर्ण बढभन्दा बढी आवेग र अनुभूतिको सन्तुष्टिमा नै साहित्यको मूल्य निर्धारित हुन्छ । अधिकभन्दा अधिक आवेगहरुको सन्तुष्टी र कमभन्दा कम आवेगहरुको विफलता मूल्य हो, त्रिपाठी २०५० पृ(३७४९ । काव्यको मूल्य आस्वादनीयता प्रीतिकर र आनन्दमय स्वरुपमा निर्धारित हुन्छ । त्यो आनन्द साधारणीकृत अर्थ व्यक्ति संसर्गबाट मुक्त सार्वभौम चेतनासँग सम्बन्धित हुन्छ, पराजुली २०५७\५८ पृ(७९ । साहित्यिक मूल्य अरु प्रकारका मूल्यभन्दा भिन्न हुन्छ । साहित्यक लेखन अथवा काव्य अन्य प्रकारका लेखनभन्दा भिन्न हुने प्रमुख कारण त्यसको सौन्दर्यगत आयाम हो । यसै सौन्दर्यगत आयामलाई अङ्ग्रेजी र अमेरिकी नवसमीक्षकहरुले आफ्नो मूल्य निर्धारणको आधार बनाएका छन् सुवेदी २०५५ पृ ६३९ । साहित्यको सौन्दर्यगत मूल्य आजको युगमा साहित्यको महत्त्व हो । काव्यको मूल्यलाई नैतिक पक्ष र सौन्दर्यको सन्तुलनका रुपमा हेर्ने गरिन्छ । काव्यको नैतिक आयाम मात्र होइन सौन्दर्यगत आयाम पनि छ । काव्यमा भावना जगाउन र कल्पनात्मक निजी अनुभूतिहरु प्रस्तुत गर्न संवेगात्मक भाषाको प्रयोग गरिन्छ । काव्यको मूल्य नै त्यसको संवेगात्मक भाषा प्रयोगमा छ । काव्यको आत्मा त्यसमा प्रयुक्त भाषा र शब्दले नै दर्शाउँछ । हाम्रा साधारण संवेगात्मक भावना र

काव्यात्मक भावनामा अन्तर छ । काव्यात्मक भावनाहरु विपरीत स्पन्दन र विचारहरुको समन्वय गर्न सक्छन् । यो समन्वय उच्च कोटीको हुन्छ । दर्शन र काव्यले हाम्रालागि गर्न नसक्ने जुन काम काव्यले गर्छ त्यसैमा काव्यको गुण निहित हुन्छ ।

## शोध सामग्री तथा विधि

धरणी खण्डकाव्यको काव्यिक मूल्य विषययक प्रस्तुत लेख तयार पार्ने क्रममा मुख्य रुपमा पुस्तकालयीय अध्ययनबाट सामग्री सङ्कलन गरिएको छ । यस अध्ययनमा प्राथमिक सामग्रीका रुपमा खण्डकाव्यकार एकु घिमिरेको धरणी खण्डकाव्यलाई उपयोग गरिएको छ । प्रस्तुत खण्डकाव्य प्रकाशनका सन्दर्भमा आएका भनाइहरु तथा काव्यिक मूल्य निर्धारणसँग सम्बन्धित सैद्धान्तिक अवधारणामा आधारित भएर लेखिएका विभिन्न अध्येताहरुका पुस्तक, अनुसन्धानमूलक जर्नल आदिलाई द्वितीयक सामग्रीका रुपमा उपयोग गरिएको छ । प्रस्तुत खण्डकाव्यको काव्यिक मूल्यपरक अध्ययनका क्रममा यस खण्डकाव्यमा प्रस्तुत विचारमा आधारित भएर गुणात्मक तथ्यका आधारमा व्याख्यात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गर्दै खण्डकाव्यको सूक्ष्म पठन विधिको समेत उपयोग गर्दै यस कृतिको काव्यिक मूल्य निर्धारण गरिएको छ ।

## धरणी खण्डकाव्यको मूल्यपरक विश्लेषण

खण्डकाव्यकार एकु घिमिरेको २०७९ सालमा प्रकाशित पहिलो खण्डकाव्य धरणी मानवीय संवेदनाले भरिएको काव्यिक मूल्यका दृष्टिले अब्बल कृति हो । यो खण्डकाव्य २०७८ साल असोज २५ गते सोमबारदेखि कार्तिक ७ गते आइतबारसम्मका घटना विवरणमा आधारित यथार्थ जीवनका घटनालाई काव्यात्मक स्वरुपमा प्रस्तुत गरिएको यात्रा वर्णनपरक शोककाव्य हो । चौधओटा ससाना खण्डहरुमा विभाजित यस शोकपरक खण्डकाव्यमा आफ्नै भाइ धरणीको मृत्युको भयावह घटनालाई लेखकले प्रत्यक्ष अनुभव गरेर भोगेर तिनै दुखान्तीय पीडाहरुलाई सौन्दर्यपूर्ण भाषामा काव्यात्मक स्वरुपमा प्रस्तुत गरेका छन् । प्रस्तुत लेखमा यस खण्डकाव्यको सर्गगत कथावस्तुमा निहित काव्यात्मक मूल्यको निरुपण गरिएको छ ।

### पहिलो दिनमा प्रस्तुत काव्यात्मक मूल्य

प्रस्तुत खण्डकाव्यको पहिलो सर्गका रुपमा रहेको पहिलो दिन शीर्षकको खण्डबाट प्रारम्भ हुन्छ । यस खण्डमा अन्तुदेखि धरानसम्मको यात्रा वृत्तान्त प्रस्तुत छ । २०७८ साल असोज २५ गते सोमबारका दिनको घटना वर्णनमा आधारित यस सर्गमा शार्दूलविक्रीडित छन्दका एघार श्लोक छन् । यस खण्डमा पितृप्रसादका रुपमा रहेको सम्पत्तिलाई अंशबन्डाका रुपमा आफैं बाँडफाँड गरेर काजग बनाई कमालु हिमाल आरोहणका लागि एकु घिमेरेऽ रुद्र घिमिरेऽ धरणी घिमिरे र मिलनजी अन्तुको रमणीय ठाउँबाट यात्रा प्रारम्भ गरी धरानको विजयपुरमा आई आफ्नै घरमा बास बसेको सन्दर्भको वर्णन छ । इलामको अन्तु छोड्ने क्रममा अन्तुको प्राकृतिक सौन्दर्यको वर्णनमा काव्यिक सौन्दर्य प्रकट हुन पुगेको छ । अन्तुको प्राकृतिक सौन्दर्यलाई कविले यसरी प्रस्तुत गरेका छन्

आहा सुन्दर गाउँ अन्तु अहिले हाँसेर जिस्क्याँउँथ्यो ।
थोपा शीत चमक्क चम्मिरहने चाँदी बटुल्दै थियो । १
लाग्यो भीड असङ्ख्य पर्यटकको भन्ज्याङमा प्रातमा
डाँडामा घरमा र चोक सबमा बोकी मिठो चाहना । २

प्रस्तुत पद्यहरुमा अन्तुलाई मानवीकरण गरी काव्यिक मूल्यको सिर्जना गरिएको छ । पर्यटकहरुको घुइँचो लाग्ने अन्तुको सौन्दर्य छाडेर मकालु हिमालको सौन्दर्यपान गर्नका लागि जान लागेका पात्र म र उनका सहयात्रीहरुलाई अन्तुले जिस्क्याएको भान भएबाट यहाँ प्रकृतिको मानवीकरण गरी मानिसका सुखदुखमा सधैँ प्रकृतिले साथ दिने र घर चोक डाँडा भन्ज्याङ सबैतिर मिठो वासना बोकेर बस्ने प्रकृति प्रकृति मात्रै होइनन् यी मानवीय जीवनकी सहचरी शिक्षिका पथप्रदर्शिका हुन् भन्ने विचारको अभिव्यक्तिले यो कृति काव्यात्मक मूल्य बोकेको रचना हो भन्ने कुरा पुष्टि हुन्छ ।

### दोस्रो दिनमा प्रस्तुत काव्यात्मक मूल्य

प्रस्तुत खण्डकाव्यको दोस्रो सर्गका रुपमा रहेको दोस्रो दिन धरानदेखि चैनपुरसम्मको यात्रा वर्णनमा आधारित छ । यो खण्ड २०७८ साल असोज २६ गते मंगलबारका दिनको घटना वर्णनमा आधारित छ । शार्दूलविक्रीडित छन्दका दश श्लोकमा

आबद्ध यस खण्डमा गाडीमा राम्रो सिट नपाइए पनि गीट्ट गाउँदै र ठट्टा गर्दै धरानदेखि चैनपुरसम्म चार जना यात्रीहरुले सकुशल यात्रा गरेका घटनाको वर्णनात्मक प्रस्तुति छ । धरानबाट चैनपुरसम्मको यात्राका क्रममा भेडेटार पुग्दा कविले त्यहाँको वर्णन गर्ने क्रममा प्रस्तुत गरेका निम्नलिखित पद्यहरुमा अतिशयोक्ति अलङ्कारका माध्यमबाट काव्यिक मूल्यको सिर्जना गरिएको छ

भेडेटार मुसुक्क गर्छ नजिकै मुस्कान छर्ने ध्वजे
डाँडाको पनि साइनो छ छ मितको श्रीअन्तु साथै ध्वजे । ३
हाँसेका हिमशृङ्खला निजकझैँ यात्रा छ रोमाञ्चक
टाढैबाट मकालु हाँस्छ अहिले आधारमा पुग्नु छ । ५

प्रस्तुत पद्यहरुमा आफन्त वा चिनेजानेका मानिसले अर्को मानिसलाई भेट्टाउँदा मुसुक्क हाँसे जस्तै मकालु यात्रामा निस्किएका म पात्र लगायतका यात्रीहरुलाई देखेर भेडेटार मुसुक्क हाँसेको श्री अन्तु र ध्वजे डाँडाको मितेरी साइनो भएको टाढा टाढा रहेका हिमशृङ्खलाहरु नजिक झैँ हासेका सन्खर्भको वर्णनमा अतिशयोक्ति अलङ्कारका माध्यमबाट काव्यिक मूल्यको सिर्जना गरिएको छ । श्रीअन्तु डाँडो र ध्वजे डाँडाको मितेरी साइनु हुनु तथा हिमाल र डाँडाहरुले मृदु मुस्कान छर्नुले विषयको वर्णनमा अतिशयोक्ति अलङ्कार पर्न गएको देखिन्छ । काव्यमा वर्णित विषयकोको सौन्दर्यवर्धनका लागि अतिशयोक्ति अलङ्कारको प्रयोग गरिन्छ । यहाँ डाँडा र हिमालमा मानवीकरण गरी अतिशय रुपमा विषयवस्तुलाई प्रस्तुत गरिएकाले प्रस्तुत सर्गको प्रकृति वर्णन काव्यिक मूल्यपरक बन्न पुगेको छ ।

**तेस्रो दिनमा प्रस्तुत काव्यात्मक मूल्य**

प्रस्तुत खण्डकाव्यको तेस्रो सर्गका रुपमा रहेको तेस्रो दिन  चैनपुरदेखि सेँधैवासम्मको यात्रा वर्णनमा आधारित छ । यस खण्डमा २०७८ साल असोज २६ गते बुधबारका दिनको घटनालाई काव्यात्मक रुपमा प्रस्तुत गरिएको छ । शार्दूलविक्रीडित छन्दका १३ श्लोकमा आबद्ध यस खण्डमा चैनपुरदेखि ट्याक्सीमा यात्रा प्रारम्भ गरी अघि बढ्ने क्रममा धरणीले बमिट गरेको रातीकव रक्सी नपचेको हो भन्दै ख्यालठट्टा गर्दै अघि बढ्दै जाँदा लेकाली दृश्यहरुले क्रमश आकर्षित गर्दै गरेको र राती मात्र छेपाल शेर्पाको घरमा बास बसेको सन्दर्भको वर्णन छ । यात्राका क्रकमा नुम नाम गरेको ठाउँमा पुग्दा त्यहाँको सौन्दर्य चारै कुनामा फिँजिएका विषयको वर्णनका क्रममा रुपक अलङ्कारको सिर्जना गरी यसप्रकार काव्यिक मूल्य प्रदान गरिएको छ

कस्तो सुन्दर ठाउँ हो नुम अहो सौन्दर्य चारै कुना
हावा सिर्र चिसो चिसो अरुणको आनन्दको आँगन । ६

प्रस्तुत पद्यमा नुम नाम गरेको ठाउँमा आश्चर्य लाग्दो सुन्दरता कुना कुनामा फिँजिएको र अरुणको सिर्र चिसो हावा चल्दा यो क्षेत्र आनन्दको हो भनेर नुममा आनन्दको आँगनको आरोप गरिएकाले यस अलङ्कारका माध्यमबाट काव्यिक सौन्दर्यको सिर्जना भएको छ ।

**चौथो दिनमा प्रस्तुत काव्यात्मक मूल्य**

प्रस्तुत खण्डकाव्यको चौथो सर्गका रुपमा रहेको चौथो दिन सेँदुवादेखि खोङ्मासम्मको यात्रा वर्णनमा आधारित छ । यो खण्ड २०७८ साल असोज २८ गतेका घटना विवरणमा आधारित छ । शार्दूलविक्रीडित छन्दका बाह्र श्लोकमा आबद्ध यस खण्डमा उच्च हिमाली क्षेत्रको यात्राका क्रममा अति चिसो भएकाले जहाँ जहाँ होटलहरु भेटिन्छन् ती ती ठाउँमा छयाङ जाँड तातो पेय पदार्थ खाँदै फ्रान्सेली पर्यटकहरुसँग हिमाली सुन्दर प्राकृतिक दृश्यहरुको सौन्दर्य छटा पान गर्दै रमाइलोसँग यात्रा जारिरहेको वर्णन छ । दिनभरको यात्राले थकित भएको शरीर याङ्मामा रहेको शेर्पाको होटलमा बसाएर राती सुत्ने क्रकमा रक्सी पिएर सुतेको वर्णनमा नेपाली यात्री युवाहरुले यात्राका क्रममा  गर्ने रक्की सेवनको सन्दर्भलाई यथार्थपरक रुपमा प्रस्तुत गरी स्वभावोक्ति अलङ्कारका माध्यमबाट खण्डकाव्यलाई काव्यिक स्वरुप प्रदान गरिएको छ

थाकेको तन यो अझै गलित भो फुस्सै निदाएँ छिटो
राती बाहिर जान उठ्छु धरणी घुर्दै सुतेको थियो ।

रित्तो ग्लास थियो पिरछ अघि नै आश्चर्य मान्दै थिएँ
रक्सी जाँड भएर लौ तल भनी दिक्दार मान्दै सुतेँ । १३

प्रस्तुत पद्यमा आफ्नो भाइले रक्सी खान्छ भन्ने त थाहा भएको तर रक्सी र जाँडको तल नै लागेको कुरा थाहा पाएर एउटा अभिभावक वा दाजुको मनमा दिक्दारी आउनु स्वाभाविक हो । रित्तो गिलास देखेर भाइको बानी नै यसमा परिसकेछ भन्ने वचार मान्दै दिक्दार भएका हुकाको यथार्थ वर्णन र भाइको सुताइ र उसको घुराइको यथार्थ चित्र प्रस्तुत भएकाले स्वभावोक्ति अलङ्कारका माध्यमबाट काव्यात्मक मूल्यको सिर्जना गरिएको छ ।

**पाँचौं दिनमा प्रस्तुत काव्यात्मक मूल्य**

प्रस्तुत खण्डकाव्यको पाँचौं सर्गका रुपमा रहेको पाँचौं दिन खोङ्मादेखि याङलेसम्मको यात्रा वर्णनमा आधारित छ । यो खण्डमा २०७८ साल असोज २९ गते शुक्रबारका घटनाको वर्णन छ । शार्दूलविक्रीडित छन्दका दश श्लोकमा आबद्ध यस खण्डमा असाध्यै चिसो हिमाली भूभागमा यात्रा गर्दा हिमाल नजिकै भएको आभाससँगै खुसीले विभिन्न दृश्यहरुलाई मोबाइलमा कैद गर्दै अरुणको आवाजसँगै सुसेली हाली उसकै लयमा गीत गाउँदै अगाडि बढी बयालीस सयको उचाइमा पुगेर बास बसेको सन्दर्भको वर्णन छ । यात्राका क्रममा देखिने विकट तर रमाइला दृश्यको वर्णनमा कतै रुपक अलङ्कार परेर काव्यिक सौन्दर्यको सिर्जना भएको छ भने कतै विस्मयभाव प्रकट भएर काव्यिक सौन्दर्यको सिर्जना भएको छ । जस्तै

लिस्नो झैँ सब खुड्किला अकरका टेक्दै बढेका सब । १

आहा । लेक रमाइलो अति थियो लेखौं म खै के गरी **श्र** ३

प्रस्तुत पद्यहरुमध्ये पहिलो पद्यमा अक्करको हिमाली बाटो लिस्नुका खुड्किला जस्तै थिए भनेर बाटाका सिंढीलाई लिस्नाका खुड्किलासँग तुलना गरिएकाले उपमा अलङ्कार सिर्जना भई काव्यिक सौन्दर्य थपिएको छ भने दोस्रो पद्यमा लेखको त्यो रमाइलो सौन्दर्यलाई म खै कसरी वर्णन गरौँ हिमाली रमणीयतालाई कुन शब्दद्वारा व्यक्त गरौँ भनी आश्चर्य प्रकट गरिएकाले विस्मयभाव सिर्जना भई खण्डकाव्यको काव्यिक गरिमा वृद्धि हुन पुगेको देखिन्छ ।

**छैटौं दिनमा प्रस्तुत काव्यात्मक मूल्य**

प्रस्तुत खण्डकाव्यको छैटौं सर्गका रुपमा रहेको छैटौं दिन याङ्लेदेखि शिवराधासम्मको यात्रा वर्णनमा आधारित छ । यो खण्डमा २०७८ साल असोज ३० गते शनिबारबारका घटनाको वर्णन छ । शार्दूलविक्रीडित छन्दका पैतीस श्लोकमा आबद्ध यस खण्डमा याङ्ले लेकको प्राकृतिक सौन्दर्य चाँदी झैँ चल्किरहने हिमचुलीहरु नित्य अरुणमा झरिरहने झरना अप्ठ्यारा पहरामा साङ्ली समातेर यात्रा गर्नुपर्ने अवस्था आस्थाको केन्द्र गङ्गाद्वार आश्चर्य लाग्ला हिमाली गुफा आदिको सौन्दर्य पान गर्दै यात्रा अगाडि बढाउने क्रममा अरु साथीहरु गुफातिर गए पनि कान्छो भाइ धरणीले गुफामा जान आँट नगेर फर्किएको सन्दर्भसँगै देब्रे आँखा फर्फराएर अपशकुनको सङ्केत गरेको प्रसङ्गको वर्णन छ । यस्तै नेहा खर्कमा पुग्ला बुबाको सम्झना भई वंशमा कान्छाको पहिले निधन हुने वंशानुगत गुण रहेकाले कान्छाले पनि मेरो मरण पहिला हुन्छ कि भनी शङ्का गरेको सन्दर्भको चर्चा छ । पहिले मर्नु परे पनि जे जे गर्नु छ ती सबै काम गरेर मर्ने कान्छाको कुराले मन आत्तिएको र विषयलाई अर्कैतिर मोडेर हाँसठट्टामा सुमाउँदै दुखसुखका कुरा सुनाउने क्रममा कान्छालाई खोकीले च्यापेको सन्दर्भको वर्णनसँगै यस खण्डको कथावस्तु समाप्त भएको छ । याङ्ले लेकको वर्णनका क्रकमा त्यहाँबाट देखिने हिमाली सौन्दर्य तथा अरुण नदीको सुसाइ अनि त्यहाँका रुखिवरुवा त्यहाँ टागिएका तुल तथा हावाले पनि आराध्यदेव शिवको जयजयकार गरेको सन्दर्भको वर्णनका सन्दर्भमा प्रकितको मानवीरणका साथै विभिन्न अलङ्कारहरुका माध्यमबाट काव्यिक सौन्र्यको सिर्जना गरिएको छ । जस्तै

याङ्ले फाँट थियो नदी अरुणको त्यो काखमा सुन्दर
झर्थे झर्झर लेकबाट झरना राता थिए पत्थर
कस्ले सिन्दुर छर्किएर शिवको पूजा गरे झैँ थियो
चाँदी झैँ झलमल्ल ती शिखर नै बल्थे बनैरै दियो । १

सल्लाले शिवको सधैँ जय भनी मन्त्रै सुसेल्दै थियो
हावाले पनि रुद्रको जय भनी सङ्गीत छोड्दै थियो ।
मानेका तुलले तथा बरुणका ढुङ्गाहरुले धरी
भोलेको जय होस् भनी भजनमै सारा रमेका सरी । २

प्रस्तुत पद्यहरुमा याङ्ले लेकबाट देखिने हिमिशखरको सौन्दर्य सिन्दुर छर्किएर शिवको पूजा गरे झैँ पत्थर पनि राता भएका थिए । यसरी ती हिमालहरु चाँदी झैँ झलमल्ल दियो बनेर बलेका थिए भन्ने कुराको वर्णनमा उपमा रुपक जस्ता अलङ्कार सिर्जना हुन पुगी काव्यिक गरिमा वृद्धि हुन पुगेको छ । त्यस्तै दोस्रो पद्यमा प्रकृतिको मानवीकरण गरी मानवले शवको जय जयकार गरे झैँ सल्लाका रुखहरुलेऽ हावाकव गतिले टाँगिएका तुलहरुले बरुणका ढुङ्गाहरुलेसमेत शिवको जय जयकार गरेको सन्दर्भ प्रस्तुत गरी मानवीय संवेदनायुक्त प्रकृतिको चित्रण गरिएकाले यस काव्यको काव्यिक महत्ता वृद्धि हुन पुगेको छ ।

**सातौं दिनमा प्रस्तुत काव्यात्मक मूल्य**

प्रस्तुत खण्डकाव्यको सातौं सर्गका रुपमा रहेको सातौं दिन याङ्लेदेखि लाम्मालेसम्मको यात्रा वर्णनमा आधारित छ । यस खण्डमा २०७८ साल असोज २१ गते आइतबारका घटना क्रमलाई शार्दूलविक्रीडित छन्दका ४५ श्लोकहरुमा वर्णन गरिएको छ । याङ्लेदेखि उकालो यात्रा गर्दा आकाश पनि कालो बादलले ढाकिएकाले र भाइ कान्छालाई पनि खोकीले असाध्यै सताएकाले कान्छालाई जान नसक्ने भए नजा भनेर सम्झाएको तर कान्छाले जाने अडान दिएको प्रकितले पनि सुन्दर यात्रामा असुन्दर पक्ष थप्दै गरेकाले निशब्द यात्रा जारी राखेको अनाचक आएको पहिरोको ठुलो आवाजले अशुभको सङ्केत दिए पनि हिमाली होटलहरुमा जडिबुटी मागेर खाँदै यात्रा जारी राखिएको घरतर्फ सम्पर्क गर्न खोज्दा सम्पर्क नभएको प्रकृति सुन्दर भए पनि कान्छाको हाँस्ने जिस्किने बानी हराएर गएको फोटो खिच्दा पनि नहासेको कान्छाको हिँडाइ सुस्त हुँदै गएको रुद्रले अगाडि गई तातो पझोल लिएर आएपछि कान्छो केही सहज भई हिँडेर तर लाङ्गाले सिविरमा पुग्न कान्छाले नसक्ने कुरा गरेपछि लामा दाइले बोकेर पुर्याएको खाना खाएपछि अक्सिजन नाप्दा कान्छाको पैंतीस मात्र देखाएको तर अरु सबैको नब्बेकै हाराहारीमा देखाएकाले शेर्पाशेर्पेनीले अब माथि नजान र फर्कन आग्रह गर्दा हामी दाजुभाइ फर्कन्छौँ तपाईँहरु जानुहोस् भनी साथीहरुलाई आग्रह गरिएको साथीहरुले गाँस छोड्ने तर साग नछोड्ने भनेपछि शेर्पा दाइले कान्छालाई जुरुक्क बोकेर ओरालो लागेको र राती दश बजे होटलमा पुग्दा ताला लागेको पाएर त्यही ताला फुटाएर कान्छालाई छातीमा च्यापी हुँदै रात बिताएको सन्दर्भसँगै यो खण्डको कथावस्तु समाप्त हुन्छ । चिसो हिमालको शिखरमा कान्छो भाइको शरीरमा अक्सिजनको कमी भएपछी चार दिनको बाटो हिमाली यात्राबाट फर्किन लाग्दा बिरामी बोक्ने हेलिकप्टर कगाउन नकसेकोऽ कुनै घोडा खच्चड पनि नपाइएको र बिरामीलाई तल झारेर बनाउने कुनै उपाय नदेखेको विषयकव वर्णनमा आएको नम्नलिखित पद्यमा मानवीय निरिहता प्रकट गरी काव्यिक मूल्यको सिर्जना गरिएको छ

लाग्ने होइन फोन नत्र अहिले हेली मगाए हुने
चौंरी खच्चर बोक्न खातिर छिटो केही भए तै हुने
केही छैन उपाय झर्नु छ उँधो झर्नै छ झार्नै छ नि
कस्तो दूर सदूर ठाउँ पुगियो आत्तेस आत्तिन्छ नै । ३४

प्रस्तुत पद्यमा एउटा मानव प्रकृतिका सामु कति निरिह छ वकट प्रकृतिका काखमा रहेको एउटा युवाको शरीरमा अक्सिजनको मात्रा ज्यादै कम हुनाले जसरी भए पनि उसलाई बनाउन तल जानैं पर्ने अवस्था छ तर त्यस ठाउँमा न त हेलिकप्टर मगायनका लागि कतै फोन लाग्छ न त बिरामी बोक्ने कुनै चौंरी खच्चड भेटिन्छ । यस्तो आपत्को अवस्थामा स्वयम् आपत् पनि आत्तेस मानेर रोएको छ । यसप्रकार एउटा दाइले आफ्नो भाइलाई बनाउन कुनै उपाय नलागेर धुरुधुरु रोएर सन्दर्भमा मानवीय संवेदनाको तीव्र आवेग प्रकट भएको छ । यहाँ मानवीय छट्पटी पीर र विचलित मानसिकताको प्रस्तुति भएकाले जहाँ मानवीय जीवनका वाधेयाट्टमक अवस्थाले सिर्जना गरेका संवेदनशील पक्षहरुको अभिव्यक्ति हुन्छ त्यहाँ स्वत काव्यिक मूल्य स्थापित हुँदै गएको पाइन्छ ।

मानवको सुखमा प्रकृति हाँसेको हुन्छ भने दुखमा रोएको हुन्छ। कान्छो सिकिस्त भएको बेला एकान्त स्वरले खोलो रोएको सन्दर्भको वर्णनमा कविले मानवको निरिहता प्रदर्शन गरी मानवको पीडा र त्रासको संवेदनशील अवस्थाकोका माध्यमबाट काव्यिक मूल्य स्थापना गरेका छन्। जस्तैः

खोलो रुन्छ अहो। उराठ सुरले एकान्त डाँडामुनि
कान्छो धुर्छ उही बिराम ननिको दुख्दैन केही पनि
शेर्पा भाइ थिए सँगै नजिकमा आत्तिन्छु के पो भनौँ
छैनन् रोग हटाउने सुझहरु तड्पिन्छु लौ के गरौँ। ४२

प्रस्तुत पद्यमा खोलो उराठ लाग्दो स्वरमा रोएको छ। कान्छाको रोग हटाउने कुनै उपाय कसैसँग छैन। विकट हिमाली क्षेत्रमा भाइलाई बचाउने कुनै उपाय नदेखेर एउटा दाजु तड्पिएको छ। शेर्पा भाइसँगै भए पनि भाइको रोग शमन नभएकाले आत्तिएको मान्छे कुनै उपाय नदेखेर रोएको मान्छेको कारुणिक चित्रणले काव्य करुणामय बनेको छ। यही करणाभाव सारा पाठक वर्गमा सञ्चार गराउने सामर्थ्य काव्यमा भएकाले प्रस्तुत खण्डकाव्यको विशिष्ट काव्यिक मूल्य रहेको छ भन्ने कुरा पुष्टि हुन्छ।

**आठौं दिनमा प्रस्तुत काव्यात्मक मूल्य**

प्रस्तुत खण्डकाव्यको आठौँ सर्गका रुपमा रहेको सआठौँ दिन टाडोसादेखि याङ्लेसम्मको यात्रा वर्णनमा आधारित छ। यस खण्डमा २०७८ साल कार्तिक १ गते सोमबारका घटना क्रमलाई शार्दूलविक्रीडित छन्दका ४४ श्लोकहरुमा वर्णन गरिएको छ। काव्यात्मक मूल्यका दृष्टिले यो सर्ग सबभन्दा बढी मानवीय संवेदनायुक्त छ। यही सर्गमा धरणीले यो धर्तीलाई छाडेर धरणीमा नै विलीन भएका छन्। टाडोसाबाट बिरामी भाइलाई उठाएर याङ्लेका लागि बाटो लाग्ला केही समय त भाइ हिँडेको तर सिमसिम पानी परिरहकाले असाध्यै जाडाले सताएर कान्छाले विस्तारै अब म हारेँ खुट्टै चाल्न सक्दिनँ भनेपछि दुई जनाले डोर्याएर हिँड्दा केही सहज भएको हिँड्दै जाँदा अचानक कान्छाको मुहारमा परिपर्तन देखिएर दुरुस्तै बुबाको स्वरुपमा कान्छो पुगेको सन्दर्भलाई यसरी काव्यिक मूल्य प्रदान गरिएको छ

झर्दैथ्यौँ तल मेघ गर्जिन गयो डाँडाहरु छोपिए
कान्छाका सब हात चिस्सिन गए नङ्ग्रा निला देखिए
कानै छेउ निलो थियो धरणीको जिब्रो नि उस्तै थियो
अर्को रुप म आज देख्छु उसको बाबा दुरुस्तै थियो। ७

प्रस्तुत पद्यमा कान्छालाई डोर्याएर हिँडाउँदै गर्दा अचानक कान्का हात चिसा हुँदै गएका हातका नङहरु निला हुँदै गएका कानको छेउमा निलो भएर र जिब्रो पनि नीलो भएको विषयको वर्णनमा आफ्नै भाइ बिस्तारै मर्दै छ उसका हात खुट्टाहरु निला हुँदै छन् उसको शरीर अब यही हिमाली काखमा ढल्दै छ भन्ने कुरा प्रत्यक्ष देखिरहेका कवि घिमिरेको हृदय अन्त्यन्त द्रवित हुँदै गएको छ। मृत्यु आँखैका सामु नाचिरहेको छ। प्रिय कान्छो भाइ आफ्नै बाखमा बिस्तारै बिस्तारै मर्दै गएरहेको छ भन्ने कुराको वर्णनमा मानवीय संवेदना अत्यन्त उचाइमा पुगेको छ। जसले काव्यलाई संवेदनायुक्त तुल्याउँदै काव्यिक गरिमा वृद्धि गर्ने काम गरेको छ।

कान्छाको शरीर नीलो हुँदै गए पनि याङ्ले पुगेर हेलिकप्टर मगाउने र कान्छालाई बचाउन आश सबैले गरेका थिए। सोही योजनाअनुसार झरी पानीमा भिज्दै कान्छालाई सहारा दिँदै चार जना कान्छासँग र अरु दुई जना छिटोछिटो गएर होटलमा व्यवस्था गर्ने योजना तय भएर ओरालो झर्दै गर्दा कान्छाले तुलसीको पत्ता मागेर खाई केही उकालो बाटो पारे गरेर हिलैमा लडेको सन्दर्भमा मानवीय जीवनको करुणाविदारक चित्र प्रस्तुत भएको छ। जस्तै

ठाडो अक्करको सिरान पुगियो कान्छा हिलैमा बसे
साथी सौजन आत्तिएपछि बुझेँ बेहोस कान्छा लडे। १५
आत्तेसै अब पर्न गो हरि अहो। रोएँछु रोएँछु म
कान्छाको तन घोप्टिएर पृथिवी ढोगे सरी देख्छु म

आत्तिएर सबै झुरुप्प बनियौँ कान्छो लुलो भो लुलो
के भो भाइ समा न रुद्र धरणी भन्दै कराएँ ठुलो । १६

प्रस्तुत पद्यहरुमा अचानक कान्छो भाइ हिलैमा ढलेर बहोस् भएको कुरा थाहा पाएपछि आत्तिएर रोएको सन्दर्भमा मानवीय संवेदनाको चरम रुप प्रस्तुत भएको छ । आफ्नै भाइ अचानक बेहोस् भएर ढल्दै गरेको प्रत्यक्ष देखिरहेका कवि तथा उनका साथीहरुको कारुणिक अवस्थाले मानवीय संवेदनालाई गहिरो गरी स्पर्श गरेको पाइन्छ । आफ्नै अगाडि आफ्नो प्यारो भाइ मरिरहँदा एउटा दाइले त्यसलाई कसरी सहन गर्न सक्छ त्यो कुराले काव्य मानवीय संवेदनाका दृष्टिले अत्यन्त सशक्त बनेको छ । अत काव्यात्मक मूल्यका दृष्टिले धरणी नेपाली शोकपरक खण्डकाव्य परम्पराको एक उत्कृष्ट काव्य हो भन्न सकिन्छ ।

अचानक बाटामा ढलेको कान्छाको शरीर उसको मुखबाट निस्किएको पिप र उसलाई बचाउन गरेका अनेक प्रयत्नको वर्णनमा मानवीय जीवनमा उसले कस्ता कस्ता कष्ट सहेर पनि बाँच्नुपर्दो रहेछ मानव एक प्रकृतिको निरिह प्राणी भएकाले दैवका अगाडि केही उपाय गर्न नसकेको अत्यन्त दयनीय र कारुणिक अवस्थालाई तलका निम्नलिखित पद्यहरुमा यसरी प्रस्तुत गरिएको छ

के उठ्थ्यो जति नै कराउन ठुलो बेहोस फर्केन है
पानी पर्न गयो चिसो पनि भयो कान्छो लडेको लडै
मोटो ज्यान उठाइएयो बल गरी प्लाष्टिक ओछ्याइयो
कान्छाको मुखबाट वायु मुखले पालैपिलो हालियो । १७
झोलुङ्गो लिन भाइ रुद्र अहिले याङ्ले गयो दौडदै
हामी पाँच भने थियौँ कृत्रिम जो सासै दिँदै आत्तिँदै
नाडी छाम्छु समाउँदै छु शिरमा हा दैव अत्यास हो
मात्रा गड्बड देख्छु अक्सिजनको साठ्ठी असी देखियो । १८
कान्छाका मुखबाट रक्त मिसिई दुर्गन्ध पो निस्कियो
र्‍यालैर्‍याल भयो मुखै मुख गरी फुक्नै नसक्ने भयो । १९
कोही वाक्क गरेर फेरि मुखमा जोडेर फुक्थे मुख
टोपीले मुखको पुछेर पिप झैँ सक्दो फुकेथ्यौँ मुख
साथी सौजनले फुके कति भने आफैँ गरे बेस्सरी
यस्तो आपतमा थियौँ शिव हरे के गर्नु के यो घडी । २०

प्रस्तुत पद्यहरुमा अक्सिजनको कमीले बेहोस् भएर ढलेको एउटा मान्छेलाई उसको शरीरमा अक्सिजन भर्न यात्रीहरुले जेजे गर्न सक्थे सबै गरे तर ढलेको मान्छे उठेन । बिरामीको मुखबाट पिप र दुर्गन्धित रगत आइरहँदा पनि त्यसलाई बेवास्ता गरी यसलाई बचाउनका लागि गरेको यस प्रयत्नमा मानवीय जीवनको अत्यन्त भयानक पीडादायी अवस्था सिर्जना हुन पुगेको छ । यो पीडा यहाँ व्यक्तिगत पीडा भएर भएर पनि यो सार्वभौम पीडाका रुपमा अभिव्यक्त हुन पुगेको छ । आफूसँगै यात्रा गरिरहेको एउटा मान्छै मर्दै गर्दा उसका सहयात्रीहरुले के कति गर्न सक्छन् ती सबै गरेका छन् ।  मानिस अत्यन्त सङ्कट परेको बेला ईश्वरको सम्झना गर्छ । यहाँ पनि केही उपाय नलागेर कवि शिवको पुकारा गर्न पुग्छन् । यो सार्वभौम मानवीय प्रवृत्ति हो । यी सार्वभौम चिन्तन र विचारले प्रस्तुत काव्यलाई काव्यिक मूल्य प्रदान गरेको छ ।

प्रस्तुत सर्गका प्रायः सबै पद्यहरु काव्यिक मूल्यका दृष्टिले उच्च छन् । यो सर्ग प्रस्तुत खण्डकाव्यको मूल काव्यिक अभिव्यक्ति भएको खण्ड हो । यस सर्गमा मानिस नियतिका सामु यति निरिह र असहाय छ उसले प्रकृतिका सामु कुनै उपाय गर्न सक्दैन भन्ने कुरा प्रस्तुत गरिएको छ । मानिस प्रकितको एउटा क्षुद्र सानो अंश मात्र हो । उसले गरेका निर्णयले उसैलाई पीडा र यातना दिइरहेका हुन्छन् तर पनि मान्छे कुनै न कुनै निर्णय नलिरहन सक्दैन । उसले निर्णय लिनै पर्छ तर उसले लिएका निर्णयबाट

मानिस कहिल्यै सुखी हुन सक्दैन भन्ने पाश्चात्य अस्तित्ववादी धारणासमेत यस खण्डमा अभिव्यक्त हुन पुगेको छ । यी विचारहरुको अभिव्यक्तिले पनि धरणी काव्यको काव्यिक मूल्य विशिष्ट छ भन्ने कुरा पुष्टि हुन्छ ।

**आठौं रातमा प्रस्तुत काव्यात्मक मूल्य**

नवौं सर्गका रुपमा प्रस्तुत आठौं रात याङ्लेको बास शीर्षकमा २०७८ कार्तिक १ गते सोमबार रातको घटना वर्णनमा आधारित छ । शार्दूलविक्रीडित छन्दका चौध श्लोकमा आबद्ध यस सर्गमा बाटैमा प्राण गइसकेको रुद्रको शरीरलाई जसरी तसरी याङ्लेसम्म ल्याएर रात कटाएको सन्दर्भको वर्णन छ । अत्यन्त चिसो मौसममा कान्छाको शरीर एउटा कोठामा राखेर सबै आआफ्ना ओछ्यानमा पस् पनि निद्रा नलागेको झपक्क आँखा लाग्दा कान्छोले गीत गाएको झझल्को आएको सबै साथीहरु कान्छाको कोठामा जाँदै आउँदै गरेको कतै एक्लै छोड्दा कान्छा उठ्यो कि भन्ने आभासले बारम्बार कोठामा गएर छामे पनि कान्छाको शरीर हिँउ झैं चिसो भएको र ढुङ्गा झैं कठोर भएको सन्दर्भको वर्णन गरिएको यस खण्डमा अत्यन्त अत्यास र छट्पटीमा रात काटेको विषयको चित्रणमा काव्यिक सौन्दर्य सिर्जना भएको छ । बारम्बार कान्छाको कोठामा जाँदै र आउँदै गर्दा पनि कान्छाको शरीरले कुनै हलचल नगरेको र दुईदिन अघि यही कोठामा बास बसेर यात्रा गरेको तर आज कान्छो नभएकोमा अत्यन्त आहत बनी कविले पोखेका यस किसिमका उद्गारमा काव्यिक सौन्दर्यको सिर्जना भएको छः

कोठा खाट यही थियो दिन दुई बित्दै छ साथी थियौँ
ऐले भाइ रहेन थुक्क निठुरी हे दैव खै के भनौँ
देब्रे लोचनको फुराइ ननिको लौरो हरायो अझै
मेरो जीवनको गयो सहृदयी खुट्टो र आँखो खुवै । ९

प्रस्तुत पद्यमा दुई दिन अगाडि बास बसेर गएको कोठा र खाट त्यही भए पनि आज त्यही खाटमा कान्छो कान्छो नभएर उसको मृत शरीर मात्र लडिरहेकोमा दैवको निष्ठुरताप्रति बारम्बार धिक्कार प्रकट गरिएको छ । भाइ जो आफ्नो जीवनको सहारा थियो लठ्ठि थियो सहृदयी मुटुको टुक्रो थियो टेक्ने खुट्टो र हेर्ने आँखो थियो त्यो सबै गयो भनेर कविले प्रस्तुत गरेको भावनामा मानव जीवनको सबैभन्दा आत्मीय जन सहारा र आड भरोसा सबै गुमाएपछि मानव कतिसम्म आहत र निरीह बन्न पुग्छ भन्ने विषयको अभिव्यक्तिमा सार्वभौम मान्छेका पीडा तथा भावनाहरुको अभिव्यक्ति भएकाले काव्यिक सौन्दर्यको सिर्जना हुन गुगेको छ ।

**नवौं दिनमा प्रस्तुत काव्यात्मक मूल्य**

प्रस्तुत खण्डकाव्यको दशौं सर्गका रुपमा रहेको नवौं दिन याङ्लेको बास र हेलीको आश शीर्षकमा २०७८ साल कार्तिक २ गतेको घटना विवरणमा आधारित छ । शार्दूलविक्रीडित छन्दका पन्ध्र श्लोकमा आबद्ध यस खण्डमा कान्छोको मृत शरीर घर लानका लागि हेलिकप्टर मगाउन सकिन्छ कि भन्ने आशमा नै बितेको छ । हेलिकप्टर ल्याउनका लागि फोन सम्पर्क गर्न गएका छेपालले कति प्रयन्त गर्दा पनि सम्पर्क हुन नसकेको यता याङ्लेमा दिनभरि पानी परेर असाध्यै जाडो भएको कुनै उपाय नलागेर सरकलाई साथी बनाएर दिनभर केहि खबर आउछ कि भनेर प्रतीक्षा गरी बस्दा साँझको बेलामा एउटा सानो भाइ आएर बस्दै गर्नु अरे सम्पर्क भएन भनी खबर ल्याएर बारम्बार भाइको मृत शरीर हेर्दै उसको जीवनमा घटेका बारल्यकालदेखि आजसम्म घटनाहरुको स्मरण गर्दै व्याकुलतामा दिन काटेको सन्दर्भको चर्चामा आएका सबै पद्यहरु काव्यिक मूल्यका दृष्टिले उच्च छन् । आफ्नी जीवनको यो कहाली लाग्दो क्षण न पुनः सोच्न सकिन्छ न बिर्सन नै सकिन्छ भन्दै बारम्बार भाइको मृतदेह हेर्दै व्याकुलताका साथ छट्पट गरिरहेको अवस्याको वर्णनमा प्रस्तुत निम्नलिखित पद्यमा काव्यिक सौन्दर्यको सिर्जना भएको छः

सोची सोच्न सकिन्न बिर्सन झनै बिर्सन्न बिर्सन्न है
पानी दर्किरहेछ बाहिर अझै रोकिन्न आँखा झनै
मान्छे छैन तथापि हेर्न मन भो ढोका उघारी गएँ
दारी झुस्स थियो मुहार चखिलो बाबा भनी सम्झिएँ । ७

प्रस्तुत पद्यमा भाइको वियोगको यो घटना न बिर्सन सकिन्छ न सम्झन सकिन्छ भन्दै मृत शरीर भइसकेको भाइको प्राण छैन भन्ने जान्दाजान्दै पनि बारम्बार कवि कोठामा पसेर हेरिरहेका छन् भाइको मृतदेहमा दारी झुस्स थियो र बाबाकै रुपमा निस्प्राण सुतिरहेको थियो भन्ने अभिव्यक्तिमा मानिसलाई आफन्तको वियोगको पीडा सहन कति मुस्किल हुन्छ धेरै अघि नै प्राण गइसके पनि फेरि मानिस बौरिन्छ कि भन्ने आश बाँचिरहेको हुन्छ भन्ने कुरा सारा मानवका सार्वभौम प्रवृत्ति भएकाले यस व्यथाले सारा मानवका व्यथाहरु समेटेको छन्। संसारकै मानिसका पीडा यस अभिव्यक्तिमा प्रकट भएका छन्। यी सन्दर्भहरुका माध्यमबाट प्रस्तुत खण्डकाव्यको यो खण्ड काव्यात्मक मूल्यका दृष्टिले उच्च रहेको छ भन्ने कुरा पुष्टि हुन्छ।

**दशौं दिनका प्रस्तुत काव्यात्मक मूल्य**

प्रस्तुत खण्डकाव्यको एघारौं सर्गका रुपमा रहेको दशौं दिन शीर्षकको खण्डमा याङ्लेबाट दोबाटेसम्मको मिति २०७८ साल कार्तिक ३ गतेको घटना वर्णनमा आधारित छ। शार्दूलविक्रीडित छन्दका अड्तीस श्लोकमा आबद्ध यस खण्डमा मौसमका कारण हेलिकप्टर नआउने खबर छेपालले लिएर आएपछि अब के गर्ने र कसो गर्ने भन्ने अन्योल भएको छेपालका साथीले कान्छाको शव डेढ लाखमा बोक्न तयार भएकाले बोकाएरै लाने कुराकारी भई शव भरियाका जिम्मा लगाएको मनैभरि त्रासैत्रास र वैराग्यले भरिए पनि केही गर्न नसकी बली दिनका लागि तयार पारिएको मौलामा बाँधिएको पशुसरह निरीह भएको सन्दर्भलाई प्रस्तुत गरेका छन्। कान्छाको लासलाई काठमा बेसरी बाँधेर भरियाहरुलाई बोकाई आफू पनि विचारशून्य भई मुर्दातुल्य एकोहोरो हिँडिरहँदाको सन्दर्भलाई कविले यसरी प्रस्तुत गरेका छन्

लीला मात्र रहेछ जीवन यहाँ खुत्रुक्क जाने फुटी
लाने छैन रहेछ बस्तु सँगमा छया जिन्दगी छया छि छि
माया मोह कुनै थिएन मनमा निर्जीव जस्तै थिएँ
साथी भाइ सबै सबै चुप थिए मुर्दा म हिँड्दै थिएँ। ११

प्रस्तुत पद्यमा जीवनको कुनै भरोसा नभएकोले यो मानव चोला केवल लीला मात्र रहेकोले जीवनप्रति नै वितृष्णाको भाव जागृत भएको छ। भाइका लास भरियालाई बोकाएर उसको पछिपछि हिँडिरहँदा मनमा कुनै कुराको चाह नभएको मुर्दातुल्य निर्जीव हिँडाइको वर्णनमा मानवको अत्यास लाग्दो कारुणिक जीवनको निरर्थकता निस्सारता व्यक्त गरिएकाले यहाँ पाश्चात्य चिन्तनको विसङ्गतिवादी सोच प्रकट भएको छ। जीवनमा मानव जे चाहन्छ त्यो हुँदैन र जे चाहँदैन त्यो विवश बनेर भोग्न बाध्य छ। मानव केही होइन। ऊ केवल प्रकृतिको क्षुद्र अंश मात्र हो उसको वशमा केहि छैन भन्ने भाव प्रकट भएको छ। यही जीवनप्रतिको तितो सत्य सार्वभौम सत्य भएकाले सार्वभोम सत्यको उद्घाटनका कारण प्रस्तुत कृति काव्यिक विशिष्टतायुक्त बनेको छ।

कान्छाको शव बोकेर ल्याउन नसक्ने भएपछि र आगो दिन पनि त्यस क्षेत्रमा निषेध गरिएकाले खाल्टो खनेर कान्छालाई कठोर मनले हिमाली क्षेत्रमा समाधिस्थ गराइएको सन्दर्भ अझ बढी कारणिक र मर्मस्पर्शी छ। यस पछिका एघारौं दिन दोभानबाट सेंदुवासम्मं बाह्रौं दिन सेंदुवादेखि चैनपुरसम्मं तेह्रौं दिन चैनपुरदेखि अन्तुसम्म र चौधौ दिन कुशको पुत्ला बनाई दाहसंस्कार शीर्षकका बाह्रौंदेखि सोह्रौं सर्गहरुमा कान्छाको शव विसर्जन गरी अन्तुसम्म पुगेको मानिसका अनेक शङ्का र उपशङ्काहरु झेल्दै भाइको काजक्रिया सकेको सन्दर्भको वर्णन छ। यसरी काव्यको कथा समाप्त भए पनि यस काव्यमा व्यक्त विचार कालजयी बनेका छन्। कान्छो मरेर गयो तर उसको जीवनीलाई काव्यकारले अमर बनाएका छन्। यही काव्यमा रहेको अजर अमर कथावस्तु र काव्यात्मक सौन्दर्यपूर्ण शैलीका माध्यमबाट *धरणी* काव्यिक मूल्यका दृष्टिले उत्कृष्ट काव्य कृति हो भन्ने कुरा प्रमाणित हुन्छ।

निष्कर्ष

खण्डकाव्यका एकु घिमिरेको पहिलो खण्डकाव्य भएर पनि *धरणी* काव्यिक मूल्यका दृष्टिले उच्च छ। यस खण्डकाव्यमा मकालु हिमाल आरोहणका क्रममा मकालु आधार शिविर नपुग्दै अक्सिजनको कमी भएर निधन हुन पुगेको एक लक्का युवा धरणी घिमिरेको यात्रामा भएको दुःखान्त अन्यको कारुणिक चित्रण गरिएको छ। प्रस्तुत काव्यमा मानवीय संवेदनाको उच्चतम प्रयोग गरिएको छ। एउटा भाइ आफ्नै काखमा मर्दै छं भाइको प्राण पखेरु उड्दै छ भन्ने देख्ता देख्तै पनि केही गर्न नकस्ने दाजु एकु घिमिरे

रुद्र घिमिरे र अन्य चार जना सहयात्रीहको जीवनको कहाली लाग्दो क्षणको जीवन्त प्रस्तुतिले प्रस्तुत कृति काव्यिक गुणले सम्पन्न बन्न पुगेको छ । यस खण्डकाव्यमा मानवतावादं अस्तित्ववादं विसङ्गतिवादं आदर्शवादं विश्वबन्धुत्वको भावना आदि धेरैभन्दा धेरै चिन्तनको सन्तुलित प्रयोग गरिएको पाइन्छ । काव्यमा प्रकृतिको मानवीकरण गरी कतै आत्परक रुपमा त कतै वस्तुपरक रुपमा चित्रण गरिएको छ । यहाँकी प्रकृति कतै मानवकी सहयात्री बनेकी छन् भने कतै दानवीय उग्र रुपमा प्रस्तुत भएकी छन् । लोकव्यवहार धर्मे आचरणं संस्कारं रीतिरिवाजं मूल्यमान्यतां लोकाचार आदि सबैको प्रयोगले काव्य अनेक मानवीय जीवन जगत्का मर्महरु उद्घाटन गर्न सफल भएकाले काव्यिक मूल्यका दृष्टिले *धरणी* नेपाली शोककाव्य परम्पराको उत्कृष्ट कृति हो भन्न सकिन्छ ।

**सन्दर्भ सामग्री**

घिमिरे एकु (२०७९ं) धरणी खण्डकाव्यं सुमी ओस्ती ।

पराजुली ठाकुर (०५७\५८ं) संस्कृत काव्यशास्त्रको अध्ययनं वाङ्मयं वर्ष १०ं पूर्णाङ्क १०ं पृ( १-७ ।

त्रिपाठी वासुदेव (२०५०ं) पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग १ं (चौ(संं) साझा प्रकाशन ।

त्रिपाठी वासुदेव (०५६ ५७ं) पाश्चात्य साहित्य सिद्धान्त र समालोचना पद्धतिको रुपरेखां वाङ्मयं वर्ष ९ं पूर्णाङ्क ९ं पृ(६४-९४ ।

न्यौपाने दीपकप्रसाद (०७९ं) श्रद्धाञ्जली भित्र धरणी खण्डकाव्यं लेखक एकु घिमिरे सुमी ओस्ती ।

बास्कोटा, हरिनारायण (०७९ं) भूमिकां भित्र धरणी खण्डकाव्यं लेखक एकु घिमिरे सुमी ओस्ती ।

सुवेदी अभि (२०५५) मूल्य भित्र नेपाली साहित्यकोशं (सम्पा.) ईश्वर बराल र अन्यं नेपाल प्रज्ञा प्रतिष्ठान ।

सुवेदी, सागरमणि २०७९ समर्पण भित्र धरणी खण्डकाव्य लेखक एकु घिमिरे सुमी ओस्ती ।